प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

स्कूल अफ हेल्थ साईन्स

भरतपुर, चितवन,

चमेनागृह सेवा आपूर्ति सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/१४)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, **स्कूल अफ हेल्थ साईन्स, भरतपुर, चितवन** परिसरमा रहेको चमेनागृह (Canteen) सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक तथा योग्य फर्म/संस्था/कम्पनीबाट देहायका शर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरू:

१. इच्छुक फर्म/संस्था/कम्पनीले यस कार्यालयबाट उपलब्ध गराइएको सिलबन्दी दरभाउपत्र फाराम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, स्कूल अफ हेल्थ साईन्स, भरतपुर, चितवनको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको खाता नं. १३१०१००००००१००६ मा (पछि फिर्ता नहुने गरी) रू. १,०००।०० जम्मा गरेको सक्कल बैंक भौचर पेस गरी Hard copy दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम खरिद गर्दा फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्र, नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्र/कर दाखिला प्रमाणको प्रतिलिपि पेश गर्नुपर्नेछ।

३. दरभाउपत्रदाताले कबोल गरेको रकम **अंक र अक्षर दुवैमा स्पष्ट रूपमा** उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

४. सिलबन्दी दरभाउपत्रमा फर्म/संस्था/कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर, अधिकृत व्यक्तिको दस्तखत र छाप अनिवार्य रूपमा हुनुपर्नेछ।

५. सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले **७ दिनभित्र कार्यालय समय समाप्त हुनुअगावै** यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। प्राप्त दरभाउपत्रहरू अन्तिम दिनको **दिउँसो २:०० बजे** उपस्थित दरभाउपत्रदाताहरूको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. हुलाक, कुरियर, इमेल वा अन्य माध्यमबाट प्राप्त दरभाउपत्रलाई मान्यता दिइने छैन।

७. म्याद नाघी प्राप्त भएको, रीत नपुगेको वा शर्त पूरा नभएको दरभाउपत्रलाई मान्यता दिइने छैन।

८. चमेनागृह सञ्चालन सम्बन्धी अन्य शर्तहरू दरभाउपत्र फाराममा उल्लेख भएबमोजिम हुनेछन्।

९. कार्यालयले आवश्यकतानुसार कुनै वा सबै दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने तथा सूचना रद्द गर्ने अधिकार सुरक्षित राख्नेछ।

१०. यस सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

११. थप जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयको फोन नं. ०५६-५१०२४३ मा सम्पर्क गर्न सकिनेछ।

शिक्षालय प्रमुख